# ३०. डा. केशवप्रसाद उपाध्याय

*[संवत् २०५६ साल आश्विन २६ गते रोज ४ का दिन आयोजित समारोहमा 'दु:खान्त नाटकको सृजना परम्परा' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०५५ सालको 'मदन पुरस्कार' त्यसका रचयिता डा. केशवप्रसाद उपाध्यायले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्गार ।यो उद्गार 'नेपाली'त्रैमासिक अङ्क १६० बाट उद्धृत गरिएको हो ।]*

आदरणीय सभापतिज्यू, आदरणीय प्रमुख अतिथिज्यू, मदन पुरस्कार गुठीका सदस्यज्यूहरू, साहित्यकार बन्धुहरू तथा साहित्यप्रेमी भद्र महिला र सज्जन वृन्द !

म मकवानपुरगढीको सुरम्य पहाडी भूभागमा जन्मी ६ महिनाको उमेरदेखि बारा जिल्लामा पर्ने भवानीपुर कलैयाको मैदानी भूभागमा हुर्केबढेको र त्यही सानो ठाउँमा शिक्षित र दीक्षित भएको हुँ। म साढे चार वर्षको हुँदा नहुँदै मेरी माताको र म बाह्र वर्षको भएपछि मेरा पिताको स्वर्गवास भएको र मेरा पितामह मेरा पिता पाँच वर्षको भएपछि घर त्यागेर संन्यासी हुनुभएकोले मेरो पालन पोषण पितामहीबाट भएको हो र मेरो शिक्षादीक्षा तथा संस्कार पनि उहाँकै संरक्षण र निर्देशनमा भएको हो । मैले संस्कृतमा पद्यरचनाका साथ लेखन-यात्राको थालनी गरेको हुँ र पितामहीका निम्ति संस्कृतका स्तुतिपद्यहरूको पद्यानुवाद तयार पार्दापार्दै म नेपालीमा कलम चलाउन पुगेको हुँ। आज म आफ्नो लेखकीय जीवनको सर्वाधिक खुसीको यस ऐतिहासिक क्षणमा सर्वप्रथम आफ्नो व्यक्तित्वका निर्माणमा सर्वाधिक महत्त्वपूर्ण भूमिका खेल्ने आफ्नी परम पूजनीया स्वर्गीया पितामहीको सम्झना गर्न र उहाँप्रति आफ्नो अगाध श्रद्धा अर्पित गर्न चाहन्छु। दत्तात्रेयले चौबीस गुरुहरूबाट शिक्षा लिएझैं मैले पनि विभिन्न स्थानमा विभिन्न गुरुहरूबाट विभिन्न विषयमा शिक्षा लिएको छु र आज म आफ्ना दिवगंत र जीवित सबै गुरुहरूको सम्झना गर्न र उहाँप्रति आफ्नो असीम श्रद्धा अर्पित गर्न चाहन्छु।

म यस समारोहमा जसका नाममा यो मदन पुरस्कार गुठी स्थापित छ ती पुण्यात्मा मदन शमशेर ज.ब.रा तथा धर्म र संस्कृतिको संरक्षण र संवर्द्धनमा योगदान

दिनाका साथै मदन पुरस्कार गुठीको स्थापना गरेर नेपाली वाङ्मयको संरक्षण र संवर्द्धनमा समेत ऐतिहासिक योगदान दिने पवित्रात्मा रानी जगदम्बाकुमारीको सम्झना गर्दै दुवैका दिवङ्गत आत्माप्रति श्रद्धासुमन अर्पित गर्न चाहन्छु भने रानी जगदम्बाकुमारीलाई धर्म र संस्कृतिको क्षेत्रका साथै वाङ्मयका क्षेत्रमा पनि दान दिएर स्वर्गीय पति तथा आफ्नो कीर्ति राख्ने प्रेरित गर्ने केदारमणि दीक्षित एवं विद्यादेवी दीक्षितजस्ता श्रद्धेय साहित्यसेवी दम्पतीलाई पनि सम्झन र उहाँहरूप्रति हार्दिक श्रद्धाभाव अर्पित गर्न चाहन्छु।

मेरा विचारमा साहित्य सत्य, शिव र सुन्दरको उपासना हो र समालोचना साहित्य अन्तर्निहित गुणदोषको विवेचना र मूल्यनिरूपण हो । मैले सोह्र वर्षको उमेरदेखि साहित्यका क्षेत्रमा प्रवेश गरेको हुँ र उन्नन्तीस वर्षको उमरेमा पुगेर म समालोचनाका क्षेत्रमा लागेको हुँ । समालोचनाका क्षेत्रमा लागेपछि यही मेरो मूल क्षेत्र हुन पुगेको छ र यस क्षेत्रमा म कृतिपरक समालोचनात्मक लेखनबाट शोध-परक समालोचनात्मक लेखनतिर लागेको कुरा मेरो लेखन इतिहासबाट स्पष्ट हुन्छ। समालोचनाका क्षेत्रमा मैले गरेको सैंतीस वर्षजतिको अविश्रान्त साधना र सेवाका इतिहासमा एघार वर्ष लगाएर पाँच वर्षअघि तयार पारिएको र सं. २०५५ मा आएर प्रकाशित भएको "दुखान्त नाटकको सृजन परम्परा" शीर्षक मेरो शोधपरक समालोचनात्मक ग्रन्थ आज गरिमामय इतिहास बोकेको 'मदन पुरस्कार'द्वारा पुरस्कृत हुँदै छ। आफूले दस महिना पेटमा राखी असह्य प्रसवपीडा खपेर जन्माएको सन्तान पुरस्कृत हुँदा एउटी जननीलाई जे जस्तो सुखानुभूति हुन्छ आफ्नो ग्रन्थ पुरस्कृत हुँदा मलाई पनि केही त्यस्तै सुखानुभूति हुँदै छ ।

यो पुरस्कार पाउँदा मलाई आफ्नो कृतित्वप्रति केही गौरव र केही सन्तुष्टिको अनुभव हुँदै छ भन्ने कुरा म लुकाउन चाहन्नँ भने म आफूबाट पूर्ण सन्तुष्ट त के सन्तुष्टसम्म पनि भइसकेको छैन भन्ने कुरा पनि म नभनी रहन सक्तिनँ। लेखक आफूबाट पूर्ण सन्तुष्ट त के सन्तुष्ट भएछ भने पनि उसको पतन आरम्भ हुन्छ भन्ने मैले कतै पढेको छु र म आफू पनि त्यस्तै ठान्दछु। म यस क्षेत्रमा अझै गर्नुपर्ने धेरै देख्तछु तर त्यसका लागि मेरो बाँकी आयु पर्याप्त हुने देख्तिनँ। यस गरिमामय पुरस्कारले मलाई 'मानमाथि पनि भुक्तमान थपिदिया' भनेझैं यस क्षेत्रमा क्रियाशील र गतिशील रहिरहने दायित्व थपिदिएको अनुभव हुँदै छ तापनि म यसबाट प्रोत्साहित भएको छु र कर्तव्यकर्मका लागि नयाँ ऊर्जा प्राप्त भएको अनुभव गर्दै छु। म आफ्नो यस सफलताबाट मेरो व्यक्तिगत लेखन मात्र पुरस्कृत र प्रोत्साहित भएको ठान्दिनँ, बरु विधागत रूपमा नै शोधात्मक-समालोचनात्मक लेखन पुरस्कृत र प्रोत्साहित भएको ठान्दछु ।

पुरस्कृत ग्रन्थ मेरो तीन वर्षजतिको दुःखान्त नाट्यविधासम्बन्धी सघन अध्ययन र एघार वर्षजति लेखन पुनर्लेखनको परिणाम हो। चार सय पन्ध्र पृष्ठको यो

ग्रन्थ ६ खण्डहरूमा विभाजित छ र खण्डहरू विभिन्न परिच्छेदहरूमा अन्तर्विभाजित छन् । यसमा आरम्भमा आमुखअन्तर्गत साहित्यमा दु:खान्त नाटकको कुन स्थान छ त्यो देखाइएको छ र त्यसपछि यसको आदिस्रोतको छानविन गरिएको छ । यति गरिएपछि यसमा दु:खान्त नाट्यविधाको आदि स्रष्टा ग्रिसेली समाजको आचार-विचार र विश्वासको चर्चाका साथै ग्रिसेली भाषिक र साहित्यिक पृष्ठभूमि अघि सार्दै ग्रिसेली रङ्गमञ्चीय गतिविधि प्रस्तुत गरिएको छ । यसपछि यसका आगामी खण्ड र परिच्छेदहरूमा प्राचीन ग्रिसेली दु:खान्त नाट्यकारहरूदेखि लिएर आधुनिक युगसम्मको विभिन्न देश, काल, धारा र प्रवृत्तिका प्रमुख दु:खान्त नाट्यकारहरूका व्यक्तित्व र कृतित्वको विश्लेषण र मूल्याङ्कन गर्दै उपसंहार प्रस्तुत गरिएको छ। यस ग्रन्थमा जे छ त्यसको विवरण यहाँ प्रस्तुत गरेर साध्य नहुने र त्यो अपेक्षित पनि नहुने हुँदा स्वयं नै पढेर अवगत गर्नुहुन सबैसँग अनुरोध गर्दै यस चर्चालाई यहीं विश्राम दिन चाहन्छु ।

यस ग्रन्थमा केही मुद्रण दोष देखिन्छन् र यसमा कतै ग्रन्थकारका तर्फबाट पनि त्रुटि भएको हुन सक्छ। यसमा रहेका दोष र त्रुटिलाई क्षम्य ठानी गुणग्राहिता देखाएर यसलाई पुरस्कृत गर्न सिफारिस गर्नुहुने विद्वान् मूल्याङ्कनकर्ताहरूप्रति म अत्यन्त आभारी छु र उहाँहरूप्रति विनम्रतासाथ आभार प्रकट गर्दछु ।

यस समारोहमा मसँगै वरिष्ठ साहित्यकार श्री गोविन्दबहादुर 'गोठाले' आफ्नो मूल्यवान् सिर्जनात्मक लेखनका निम्ति व्यक्तित्वपरक पुरस्कारका रूपमा स्थापित गौरवशाली पुरस्कार 'जगदम्बा-श्री'द्वारा सम्मानित गरिँदै हुनुहुन्छ र यसले मेरो हर्ष र आनन्द दोब्बर भएको छ। समालोचनात्मक र सिर्जनात्मक लेखन दुवै एकसाथ एक ठाउँमा पुरस्कृत हुन लागेको सुखद संयोगको यस घडीमा आफ्ना प्रिय र परम श्रद्धेय अग्रज साहित्यसेवी श्री 'गोठाले'लाई हार्दिक बधाई दिँदै उहाँको सुस्वास्थ र दीर्घजीवनको मङ्गलकामना व्यक्त गर्दछु ।

अब चौध महिनापछि इसाको एक्काइसौं शताब्दी अथवा तेस्रो सहस्राब्दी आरम्भ हुँदै छ र विश्वभरि त्यसका स्वागतको आ-आफ्नै किसिमले तयारी हुँदै छ। जुन जगत्‌बाट इस्वी संवत् आरम्भ भएको हो त्यो जगत्का साहित्यिक चिन्तकहरू ईश्वरको मृत्युको घोषणाका साथ आरम्भ भएको बीसौं इस्वी शताब्दी मनुष्य, इतिहास, विचारधारा, आधुनिकता, कला, साहित्य लेखक र आलोचक सबैलाई मारेर मर्दै छ भनी मरणोत्सव मनाउँदै छन् र साथमा केही र कोही नरहने हुनाले रित्तो हात र रित्तो मगज लिएर विना लक्ष्य अँध्यारामा छामछाम-छुमछुम गर्दै एक्काइसौं शताब्दीको यात्रामा लाग्ने सङ्केत दिँदै छन् । हामी पूर्वीयहरू ईश्वर, मनुष्य, इतिहास, विचार, आधुनिकता, कला, साहित्य, लेखक र आलोचक केही पनि र कोही पनि मरेको अनुभव गर्दैनौं। त्यसैले हामी आजसम्मको सभ्यता र संस्कृतिको

विकासले प्रदान गरेको उदार, उदात्त र उत्कृष्ट मानवतावादी जीवन मूल्यलाई साथमा दिँदै अन्धकारबाट प्रकाशतर्फको, असत्‌बाट सत्‌तर्फको र मृत्युबाट अमृतत्व तर्फको आफ्नो परापूर्वकालदेखिन् चलिआएको यात्रालक्ष्यलाई आत्मसात् गरी मानवता, विचार, कला, साहित्य र लेखकको जय कामना गर्दै उत्साहका साथ एक्काइसौं शताब्दीको भावी यात्रामा लागौं भन्ने अनुरोध म यहाँ उपस्थित स्रष्टाहरूसँग गर्न चाहन्छु ।

हामी सबैलाई जयाले जय र विजयाले विजय दिऊन् भन्ने कामनाका साथ म आफ्नो वक्तव्य र मन्तव्य यहीं टुङ्ग्याउँछु ।

सबैमा धेरै, धेरै धन्यवाद ।

☒ ☒ ☒